वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६२ | २०८३ असोज ३० गते शुक्रबार, नेपाल सम्वत् ११४६ October 16, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



दशैं आयो ..... : तनहुँको व्यास नगरपालिका-१३ छापडाडाँका युवाहरूले दशैं पर्व घरआँगनमा भित्रिएसंगै कुकुरढुङ्गेमा लिङ्गेपिङ हालेसंगै पिङमा रमाउँदै एक बालिका । बडादशैंको दिन भुइँ अर्थात् धरती छाड्नु पर्दछ भन्ने मान्यतालाई जोगाईराख्न दशैं तिहार पर्वका अवसरमा बिगतदेखिनै पिङ हाल्ने परम्परालाई निरन्तरता दिनका लागि युवाहरूले गाउँमा लिङ्गे पिङ हालेका हुन् । ग्रामीण गाउँबस्तिमा चाडपर्वका समयमा देखिने रोटेपिङ, लिङ्गे पिङ पछिल्लो समय लोप हुँदै गएका छन् । *तस्विर : भञ्ज्याङ*

तनहुँमा ४६ वन्यजन्तुको उद्धार, रू. ७ लाख बढी राहत वितरण

भञ्ज्याङ समाचारदाता/दमौली

वन्यजन्तु बस्तीमा प्रवेश गर्ने र मानव-वन्यजन्तु द्वन्द्वका घटना बढिरहेका बेला डिभिजन वन कार्यालय तनहुँले एक वर्षमा ४६ वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरेको छ। वन्यजन्तुको आक्रमणबाट मानिस घाइते हुनुका साथै पशुधन र कृषिबालीमा क्षति पुगेपछि कार्यालयले प्रभावितलाई सात लाख ३९ हजार ३७० रूपैयाँ राहतसमेत वितरण गरेको छ ।

डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटका अनुसार गत आर्थिक वर्षमा चितुवा, चरीबाघ, मृग, अजिङ्गर, सर्प, गिद्ध, बाँदर र स्याललगायत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरिएको हो । उद्धार गरिएका अधिकांश वन्यजन्तु जीवित अवस्थामा फेला परेका थिए भने केही मृत तथा घाइते अवस्थामा भेटिएका थिए ।

कार्यालयको विवरणअनुसार सो अवधिमा दुईवटा चितुवा मृत अवस्थामा फेला परेका थिए। एउटा चितुवाको जीवितै उद्धार गरिएको थियो भने अर्को एउटा घाइते अवस्थामा भेटिएको थियो । त्यस्तै, एउटा चरीबाघ र पाँचवटा मृग जीवितै उद्धार गरिएका थिए भने एउटा मृग मृत अवस्थामा फेला परेको थियो ।

यसैगरी चारवटा अजिङ्गर, २७ वटा सर्प, एउटा गिद्ध र तीनवटा भार्सेको जीवितै उद्धार गरिएको कार्यालय प्रमुख रानाभाटले जानकारी दिए । एउटा स्याल भने मृत अवस्थामा फेला परेको थियो । मानव बस्तीमा प्रवेश गरेका, घाइते अवस्थामा भेटिएका वा अन्य कारणले जोखिममा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित व्यवस्थापन गर्ने गरिएको उनले बताए । जीवित उद्धार गरिएका वन्यजन्तुलाई अवस्था र उपयुक्तता अनुसार प्राकृतिक वासस्थानमा छाड्ने तथा मृत वन्यजन्तुलाई सुरक्षित रूपमा व्यवस्थापन गर्ने गरिएको छ ।



पशुधनमा क्षति, किसानलाई पाँच लाख राहत

वन्यजन्तुको आक्रमणले मानिसको सुरक्षासँगै ग्रामीण क्षेत्रका किसानको जीविकोपार्जनमा समेत असर पार्दै आएको छ । डिभिजन वन कार्यालयले गत आर्थिक वर्षमा वन्यजन्तुबाट भएको क्षतिबापत कुल

बाँकी तेश्रो पेजमा

बन्दीपुरमा पूर्वाधार विस्तारसंगै बदलिंदै ग्रामीण बस्ती

एक वर्षमा ७.२ किलोमिटर सडक कालोपत्र, २५ मोटरेबल र १२ झोलुङ्गे पुल निर्माण

भञ्ज्याङ समाचारदाता/तनहुँ

पर्यटकीय गन्तव्यका रूपमा परिचित तनहुँको बन्दीपुर गाउँपालिकाले ग्रामीण बस्तीको पहुँच विस्तारदेखि सार्वजनिक सेवा र कृषि उत्पादनसँग जोडिएका पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ । सडक स्तरोन्नति, पुल निर्माण, सिँचाइ विस्तार र सार्वजनिक संरचना विकासलाई प्राथमिकता दिएको गाउँपालिकाले पछिल्लो एक वर्षमा ७.२ किलोमिटर सडक कालोपत्र गरेको छ भने १० किलोमिटर सडक ग्राभेल र नौ किलोमिटर नयाँ सडकको ट्रयाक खोलेको छ ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाका अनुसार स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएयता सडक सञ्जाल विस्तारसँगै आवागमन सहज बनाउने र आधारभूत सेवामा नागरिकको पहुँच बढाउने गरी भौतिक पूर्वाधार निर्माणका काम अघि बढाइएको छ ।

गाउँपालिकाको विवरणअनुसार हालसम्म ३७.२ किलोमिटर सडक कालोपत्र, ७० किलोमिटर ग्राभेल र ७९ किलोमिटर नयाँ सडकको ट्रयाक निर्माण भएको छ । बस्तीलाई सडक सञ्जालसँग जोड्ने, पुराना सडक स्तरोन्नति गर्ने र आवश्यकताका आधारमा कालोपत्र गर्ने कामलाई निरन्तरता दिइएको अध्यक्ष थापाले बताए ।

सडक विस्तारसँगै खोलानाला र नदीका कारण आवागमनमा हुने अवरोध घटाउन पुल निर्माणमा पनि लगानी गरिएको छ। गाउँपालिकाका विभिन्न स्थानमा हालसम्म २५ वटा मोटरेबल पुल र १२ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । यसले सडक पुगेका बस्तीबीच सम्पर्क विस्तार गर्न र स्थानीयको दैनिक आवागमन सहज बनाउन सहयोग पुगेको गाउँपालिकाको भनाइ छ ।

सिँचाइदेखि नदी नियन्त्रणसम्म

बन्दीपुरले सडकलाई मात्र पूर्वाधार विकासको आधार नबनाई कृषि उत्पादन र विपद् जोखिम न्यूनीकरणसँग जोडिएका संरचनालाई पनि प्राथमिकता दिएको छ । गाउँपालिकाका अनुसार हालसम्म एक हजार ८६२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको छ । पछिल्लो एक वर्षमा थप छ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

सिँचाइ विस्तारले वर्षामा मात्र निर्भर रहनुपर्ने अवस्थालाई कम गर्दै कृषि उत्पादनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । त्यसैगरी बाढी तथा नदी कटानको जोखिम न्यूनीकरणका लागि हालसम्म पाँच किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको गाउँपालिकाले जनाएको छ । पछिल्लो एक वर्षमा मात्रै एक किलोमिटर नदी नियन्त्रण गरिएको छ ।

जलस्रोत संरक्षण तथा स्थानीय आवश्यकताका लागि हालसम्म छवटा ताल निर्माण तथा संरक्षणसम्बन्धी काम भएको छ भने पछिल्लो एक वर्षमा तीनवटा पोखरी निर्माण गरिएका छन् ।

बाँकी तेश्रो पेजमा

ओलीको गुनासो- समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यमा धक्का लाग्यो

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय लक्ष्य प्राप्त गर्ने यात्रामा पछिल्लो समय धक्का लागेको बताएका छन् । बिहीबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा एमालेको नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको वेबसाइट सार्वजनिक गर्दै उनले पछिल्ला राजनीतिक तथा अन्य घटनाक्रमले विकासको गन्तव्य केही दशक पछाडि धकेलेको बताए । तर, यसलाई असफलता वा पराजयका रूपमा लिन नहुने उनको भनाइ थियो ।



'हामीले समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य लिएका छौं । पछिल्ला घटनाका कारण हाम्रो गन्तव्य केही पछाडि धकेलिएको छ, तर यसको अर्थ हामी असफल वा पराजित भएका होइनौं,' ओलीले भने । उनले आफ्नो कार्यकालमा अघि बढाइएका सामाजिक सुधारका कार्यक्रमलाई समाजवादउन्मुख राज्य निर्माणका प्रयासका रूपमा व्याख्या गरे । सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन, सहयोगापेक्षी सडक मानवको संरक्षण र सडकमा भिक्षा माग्नुपर्ने अवस्थाको अन्त्य गर्ने प्रयासलाई उनले जिम्मेवार सरकारको अवधारणासँग जोडे ।

ओलीले ज्येष्ठ नागरिक भत्ता, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कार्यक्रम र बालबालिकाका लागि सञ्चालित 'खोलौं खाता' अभियानलाई पनि मानवतावादी सोचका उदाहरणका रूपमा प्रस्तुत गरे । 'हामीले समाजवादको आधार

बाँकी अन्तिम पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

संकटमा सम्झिने तर, काम नहुने

नेपालका यातायात र संरचनागत विकासका कथाहरु मध्ये एउटा विडम्बनापूर्ण कथा तनहुँको आँबुखैरेनी गाउँपालिका-५ घुमाउनेघाटको निर्माणाधिन मोटरेबल पुलसँग जोडिएको छ । २०७१ असार महिनामा सम्झौता भएको यो पुल चार वर्षभित्र सम्पन्न हुने भनिएको थियो । तर, १२ वर्ष बित्दा पनि अझै पुल निर्माणको कामले पूर्णता पाउन सकेको छैन र अहिले निर्माण कम्पनीसंग गरिएको सम्झौता पनि भंग गरिएको छ । आज मुग्लिन-नारायणगढ सडकखण्डमा पहिरोका कारण सवारी साधन अलपत्र पर्नु, यात्रु घण्टौंसम्म दुःख भोग्न बाध्य हुनु, यसको प्रत्यक्ष प्रमाण हो कि नेपालको संरचना निर्माण प्रणाली कति कमजोर र गैरजिम्मेवार बनेको छ । मुग्लिन-नारायणगढ सडकखण्ड देशकै महत्वपूर्ण राजमार्ग हो । यो सडक अवरूद्ध हुँदा काठमाडौं-चितवन-पोखरा मात्र होइन, देशका विभिन्न भूभागबीचको आवागमन अवरूद्ध हुन्छ । अहिले इच्छाकामना-५ तुइनखोला नजिकै खसेको सुख्खा पहिरोले यही अवस्था ल्याएको छ। निरन्तर पहिरो खसिरहँदा हजारौं यात्रु सडकमै थुनिन बाध्य हुनुपऱ्यो । यदि घुमाउनेघाटमा पुल निर्माण समयमै सम्पन्न भएको भए, आज यो सडकमा परेको संकटको विकल्प यात्रुसँग उपलब्ध हुने थियो।

त्रिशुली नदीमाथि बन्न लागेको घुमाउनेको पुलले तनहुँको आँबुखैरेनीबाट भरतपुर-२९ लाई जोड्नेछ । यो मार्ग पूरा भएपछि दमौलीदेखि बुद्धिसिंह मार्ग हुँदै घुमाउने-सराङघाट-सुँढे-बेलवास भएर सिधै चितवन पुग्न सकिन्छ। पोखराबाट आउने सवारी साधनले डुम्रे-मुग्लिनको जोखिमपूर्ण बाटो छोडेर २५ किलोमिटर छोटो बाटो रोज्न सक्नेछ। यस्तो महत्वपूर्ण विकल्प उपलब्ध हुने संरचना ११ वर्षसम्म अलपत्र हुनु केवल ढिलासुस्तीको प्रश्न होइन, नागरिकको पीडासँग सीधै जोडिएको गम्भीर समस्या हो। ठेक्का सम्झौता ८ करोड २६ लाख रूपैयाँमा भएको पुल "डिजाइन एन्ड विल्ड" मोडालिटीमा ठेकदार कम्पनीले नै डिजाइन तयार गरी बनाउने भनिएको थियो । सुरूमा चार वर्षको अवधिमा पूरा गर्ने शर्त थियो । तर, ६ पटक म्याद थपिसक्दा पनि ४५ प्रतिशत मात्र काम पनि पुरा नभएपछि अहिले ठेक्का तोडिएर नयाँ प्रक्रियाबाट अगाडि बढ्न लागिएको भनिएको छ । यसबीचमा कम्पनीले बाढीले पिल्लर क्षति पुर्याएको, डिजाइन परिवर्तन गर्नुपरेको जस्ता कारण देखाउँदै काम रोकेको छ । तर प्रश्न के हो भने, १२ वर्षमा एउटा पुलको आधा पनि काम पुरा गर्न नसक्ने कम्पनीलाई किन निरन्तर म्याद थपेर सहयोग गरिँदै छ ?

सडक डिभिजन कार्यालय आफैंले सम्झौताअनुसार काम नगर्ने कम्पनीलाई कालोसूचीमा राख्ने चेतावनी दिएको थियो। तर चेतावनी मात्र दिएर, फेरि-फेरि म्याद थप्नु ठेकदारप्रतिको निर्भरता मात्र होइन, राज्य संयन्त्रकै कमजोरी हो। जनताको करिब नौ करोड रूपैयाँको परियोजना आजसम्म अधुरो हुँदा कसैले जवाफदेही लिनु परेको छैन । यसबीचमा यात्रुहरूको दुःखको सीमा नाप्ने गाह्रो छ। मुग्लिन-नारायणगढ सडकखण्डमा बर्षेनी पहिरो, सडक अवरोध, ट्राफिक जाम सामान्य जस्तै बनिसकेको छ । यस सडकमार्गलाई विकल्प दिने बाटो निर्माणलाई प्राथमिकतामा राख्नु पर्ने हो। तर ११ वर्ष बितिसक्दा पनि केवल पिल्लर खडा गरेर जिम्मेवारी टार्ने ठेकदार र त्यसलाई नियमन गर्न असफल कार्यालयबीच यात्रु मात्र पिसिएका छन् । यो पुल मात्र एक संरचना होइन, गण्डकी प्रदेश र चितवनलाई जोड्ने सबैभन्दा छोटो मार्ग हो। तनहुँको सदरमुकाम दमौलीदेखि घुमाउने ३२ किलोमिटर मात्रै छ । यो मार्ग खुल्दा काठमाडौंबाट आउने सवारी साधन पनि लामो जाममा फस्नुभन्दा सजिलोसँग वैकल्पिक बाटो रोज्न सक्छन्। तर समयमै काम पूरा नभएकाले नागरिकले अझै जोखिमपूर्ण बाटोमै निर्भर रहनुपरेको छ। अर्को प्रश्न छ, किन ठेकादारलाई यस्तो गैरजिम्मेवारीको छुट दिइएको छ ? यसले मुलुकको ठेक्का प्रणालीमै प्रश्न उठाउँछ। समयमै काम नगर्ने, गुणस्तरहीन काम गर्ने, बजेट खर्च नपार्ने, अनि बारम्बार म्याद थप्ने प्रवृत्तिलाई सरकारले तत्काल अन्त्य गर्नुपर्छ । ठेक्का प्रक्रिया पारदर्शी र जवाफदेही नबनाएसम्म हरेक परियोजनाको अवस्था घुमाउनेको पुल जस्तै हुन्छ ।

घुमाउनेघाट पुल निर्माणलाई स्थानीयले पटक-पटक आन्दोलन, धर्ना गरेर दबाब दिएका छन् । तर आवाज सुन्ने कोही छैन। जनप्रतिनिधि र सम्बन्धित निकाय केवल वाचा गर्ने तर कारबाही नगर्ने प्रवृत्तिमा सीमित छन् । यसरी नागरिकलाई निराश बनाइरहनु संविधानले दिएको "जनताको अधिकार" माथिको उपहास हो। अब समय आएको छ- ठेक्का प्रणाली सुधार्ने, जिम्मेवार निकायलाई जवाफदेही बनाउने र घुमाउनेको पुललाई प्राथमिकतामा राख्ने। केवल म्याद थपेर ढिलो गर्ने होइन, प्रगति नदेखिए तत्काल ठेक्का तोड्ने र नयाँ सक्षम कम्पनीमार्फत काम अघि बढाउन जरूरी छ। अहिलेको पहिरोले फेरि एकपटक देखाएको छ- नेपालमा केवल सडक निर्माण मात्र होइन, विकल्प मार्गको योजना पनि अपरिहार्य छ। मुग्लिन-नारायणगढ जस्तो जीवनरेखा सडकमा एउटा पहिरोले हजारौंलाई अलपत्र पार्ने अवस्था अन्त्य गर्नुपर्छ। यसका लागि घुमाउनेको पुल अब ढिलै भए पनि तुरून्तै सम्पन्न हुनु आवश्यक छ। नत्र, दशकौंसम्म अधुरो पुलका पिल्लर हेरेर यात्रु फसिरहनेछन्, र नागरिकले राज्यप्रतिको विश्वास गुमाइरहनेछन् ।

पहाड र मधेशको दशैं : परम्परा फरक, आत्मीयता उस्तै

दशैंलाई पहाड र तराई-मधेशमा मनाउने तरिका फरक भएपनि यसको धार्मिक, पारिवारिक र सामाजिक महत्त्व समान रहेको संस्कृतिविद् रामदयाल राकेश बताउँछन् । उनका अनुसार पहाडी क्षेत्रमा टीका, जमरा र देवीपूजाले विशेष महत्त्व पाउने गरेको छ भने तराई-मधेशमा दुर्गापूजा, सामूहिक मेला, भजन-कीर्तन र रामलीलाले दशैंको सांस्कृतिक स्वरूप निर्धारण गर्छन् ।

दशैं नेपाली समाजको राष्ट्रिय पर्व हो । यसले परिवारका सदस्यबीचको सम्बन्ध बलियो बनाउनुका साथै समुदायका मानिसलाई सामूहिक रूपमा जोड्ने काम गर्छ । वर्षभरि एकआपसमा भएका मनमुटाव, इर्ष्या र द्वेष बिर्सेर एकै ठाउँमा भेला हुने, पूजा गर्ने र खुसी साटासाट गर्ने अवसरका रूपमा पनि दशैंको महत्त्व रहेको उनले बताए ।

अर्को भिन्नता विजयादशमीको टीका र जमरा लगाउने परम्परा हो । पहाडी क्षेत्रमा रातो टीका, जमरा र आशीर्वादलाई दशैंको प्रमुख पहिचानका रूपमा लिइन्छ। तराई-मधेशमा पनि ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई टीका लगाएर आशीर्वाद दिने चलन रहे पनि पहाडी क्षेत्रमा जस्तो व्यापक रूपमा टीका लगाउने प्रचलन नरहेको राकेशले बताए ।

उनका अनुसार पहिले तराई-मधेशका कतिपय स्थानमा ब्राह्मणहरु घरघरमा गएर जमरा लगाइदिने र दक्षिणा लिने चलन थियो। अहिले भने परिवारका ज्येष्ठ सदस्यले नै सानालाई आशीर्वाद दिने प्रचलन बढेको छ ।

राकेशले टीकालाई विजय र आशीर्वादको प्रतीकका रूपमा व्याख्या गरे। विजयादशमीले असत्यमाथि सत्य र पराजयमाथि विजयको सन्देश दिने धार्मिक दिने परम्परा पनि प्रचलित रहेको राकेशले बताए । अष्टमी र नवमीमा खसी, बोका, हाँस तथा परेवाको बलि दिने र त्यसको मासु प्रसादका रूपमा ग्रहण गर्ने चलन रहेको उनको भनाइ छ ।

उनका अनुसार कतिपय समुदायले मनोकामना पूरा भएपछि देवीलाई बलि चढाउने धार्मिक विश्वास राख्छन् । बलिप्रथाको विरोध हुँदै आएपनि धार्मिक आस्था र परम्परासँग जोडिएकाले यो चलन पूर्ण रूपमा हट्न नसकेको उनले बताए ।


यद्यपि, पशुबलिलाई धार्मिक आस्थाका रूपमा मात्रै नभई जीवहत्याको पक्षबाट पनि हेर्नुपर्ने राकेशको भनाइ छ । बलिप्रथाको विरोध गर्ने र समर्थन गर्ने दुवै पक्ष रहेकाले यस विषयमा सामाजिक तथा सांस्कृतिक संवेदनशीलता जोडिएको उनले बताए ।

दशैंले बजार र स्थानीय व्यापारलाई पनि चलायमान बनाउँछ

दशैंको धार्मिक र सामाजिक महत्त्वसँगै आर्थिक पक्ष पनि उत्तिकै महत्त्वपूर्ण रहेको राकेशले बताए । पर्वका लागि आवश्यक खाद्यान्न, मसला, पूजासामग्री, लत्ताकपडा र अन्य वस्तु खरिद गर्न मानिसहरु बजार जाने भएकाले दशैंमा स्थानीय हाटबजार र व्यापार चलायमान हुने उनको भनाइ छ ।

विशेषगरी तराई-मधेशका गाउँमा लाग्ने साप्ताहिक हाटबजारले स्थानीय उत्पादनको बिक्री र उपभोगलाई जोड्ने काम गर्छन्। किसान तथा व्यापारीले उत्पादन बिक्री गर्ने र उपभोक्ताले पर्वका लागि आवश्यक सामग्री खरिद गर्ने भएकाले दशैंले स्थानीय आर्थिक गतिविधिमा योगदान पुऱ्याउने उनले बताए ।

राकेशका अनुसार दशैं केवल धार्मिक अनुष्ठान वा खानपिनमा सीमित पर्व होइन। यसले पारिवारिक सम्बन्ध, सामुदायिक सहकार्य, सांस्कृतिक पहिचान र स्थानीय व्यापारलाई समेत जोड्छ । समयसँगै पर्व मनाउने शैली परिवर्तन भए पनि सामाजिक एकता र आपसी सद्भावको यसको मूल भावना कायम रहनुपर्ने उनको भनाइ छ । नेपालप्रेसबाट



'दशैंको भावना पहाड र तराई-मधेशमा एउटै हो, मनाउने तरिका र सांस्कृतिक विशेषता मात्रै फरक छन्,' राकेशले भने । राकेशका अनुसार तराई-मधेशमा दशैंको सुरूआतसँगै घरघरमा वा दुर्गाको प्रतिमा स्थापना गरिएको स्थानमा जौंको जमरा उमार्ने चलन छ । कतिपय स्थानमा माटोको दुर्गा मूर्ति स्थापना गरेर सामूहिक रूपमा पूजा गरिन्छ । यस्ता स्थानमा मेला लाग्ने र स्थानीय बासिन्दा भेला भएर धार्मिक गतिविधिमा सहभागी हुने गर्छन् ।

पहाडी क्षेत्रमा जस्तै तराई-मधेशमा पनि देवीपूजा र खानपिन दशैंका प्रमुख पक्ष हुन् । तर त्यहाँ दुर्गाको मूर्ति स्थापना गरी सामूहिक पूजा गर्ने परम्पराले विशेष स्थान पाएको उनले बताए। दुर्गाको प्रतिमा स्थापना गरिएका स्थानमा दिनभरि मेला लाग्ने तथा राति भजन-कीर्तन र धार्मिक कार्यक्रम आयोजना गर्ने चलन रहेको उनको भनाइ छ । पहाडी क्षेत्रमा फूलपाती भित्र्याउने परम्पराले विशेष महत्त्व पाए पनि तराई-मधेशमा त्यसको स्वरूप फरक रहेको राकेशले बताए । त्यहाँ घटस्थापनादेखि नै घर वा देवीको स्थानमा जमरा उमार्ने चलन छ ।

टीका र आशीर्वाद दिने चलनमा भिन्नता

पहाड र तराई-मधेशको दशैंमा देखिने मान्यता रहेको उनले बताए ।

रामलीला र कुस्तीको आकर्षण घट्दै

तराई-मधेशमा दशैंका बेला आयोजना हुने रामलीला, कुस्ती प्रतियोगिता, मेला र पिङजस्ता गतिविधि परम्परागत मनोरञ्जनका महत्त्वपूर्ण माध्यम रहेको राकेशले बताए । उनका अनुसार रामलीलामार्फत रामायणका पात्र, उनीहरुको चरित्र र धार्मिक शिक्षाबारे समुदायलाई जानकारी दिने गरिन्थ्यो ।

त्यस्तै, गाउँगाउँमा आयोजना हुने कुस्ती प्रतियोगिता हेर्न मानिसहरु भेला हुने गर्थे । प्रसिद्ध पहलवान बोलाएर प्रतियोगिता आयोजना गर्ने चलनसमेत रहेको उनले बताए। तर अहिले रामलीला र कुस्तीका कार्यक्रम घट्दै गएका छन् । पिङ खेल्ने परम्परा पनि क्रमशः कमजोर हुँदै गएको उनको भनाइ छ । पहिले गाउँघरमा मनोरञ्जनका साधन सीमित हुँदा मेला, भजन-कीर्तन, रामलीला र कुस्तीले समुदायलाई एकै ठाउँमा भेला गराउने गर्थे। आधुनिक प्रविधि र बदलिँदो जीवनशैलीसँगै त्यस्ता परम्परागत गतिविधिको आकर्षण घट्दै गएको उनले बताए ।

बलिप्रथामा आस्था र विरोध दुवै

तराई-मधेशमा दशैंका बेला पशुबलि

www.bhanjyangnews.com

तपाईको आज

मेष
नयाँ योजना वा कामको सुरूवात गर्न उपयुक्त समय छ। प्रेम सम्बन्धमा न्यानोपन बढ्नेछ।

वृष
घर-परिवारमा खुसीमय वातावरण रहनेछ। धनसम्बन्धी काममा सुधार आउने सम्भावना छ।

मिथुन
काममा व्यस्तता बढ्नेछ तर परिणाम सकारात्मक आउनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ।

कर्कट
मित्र वा परिवारसँग रमाइलो समय बित्नेछ। धार्मिक वा सामाजिक कार्यमा सहभागिता जनाउने मौका मिल्नेछ।

सिंह
महत्त्वपूर्ण कार्यमा सफलता मिल्नेछ। पद प्रतिष्ठा बढ्ने सम्भावना छ। आर्थिक लाभको दिन बन्न सक्छ।

कन्या
अध्ययन, लेखन वा अनुसन्धानमा प्रगति हुन सक्छ। स्वास्थ्यमा सुधार आउने संकेत छन्।

तुला
विवादमा नफस्नुहोस्। संयमता र धैर्य अपनाउनुहोस्। पारिवारिक सल्लाहले काम सफल हुने सम्भावना छ।

वृश्चिक
मित्र वा सहकर्मीको सहयोग मिल्नेछ। पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ। प्रेम जीवनमा रमाइलोपन थपिनेछ।

धनु
आर्थिक स्थिति सुदृढ हुनेछ। नसोचेको स्थानबाट फाइदा हुने संकेत छन्। निर्णयमा दह्रो बन्दै अघि बढ्नुहोस्।

मकर
परिवार र मित्रसँगको सम्बन्धमा सन्तुलन आवश्यक छ। नयाँ योजना बनाउने समय उपयुक्त छैन।

कुम्भ
आर्थिक पक्ष बलियो बन्न सक्छ। सामाजिक प्रतिष्ठा बढ्नेछ। मित्र र प्रियजनसँग भेटघाट सुखद रहनेछ।

मीन
पारिवारिक स्नेह र सहयोग पाइनेछ। यात्रामा आनन्द मिल्नेछ। स्वास्थ्य र मनस्थिति दुबै सन्तुलित रहनेछन्।

बाढीले बगाएको एप्रोच निर्माण

भञ्ज्याङ समाचारदाता/घिरिङ

तनहुँको घिरिङ र पूर्वी नवलपरासीको डेढगाउँ जोड्ने कालीगण्डकी नदीमाथिको पक्की पुल १८ दिनपछि सञ्चालनमा आएको छ । असोज ११ गते आएको बाढीले पुलको दुवैतर्फको पहुँच सडक (एप्रोच) बगाएपछि अवरूद्ध आवागमन बुधबार साँझदेखि पुनःसञ्चालनमा ल्याइएको हो । नवलपुरतर्फको अस्थायी एप्रोच गत साता नै निर्माण गरिएको थियो । तनहुँतर्फको पहुँच सडक भने बुधबार साँझ निर्माण सम्पन्न भएपछि पुल पूर्ण रूपमा सञ्चालनमा आएको हो ।

घिरिङतर्फको पहुँच सडक मर्मत सडक डिभिजन कार्यालय तनहुँको आर्थिक तथा प्राविधिक सहयोगमा गरिएको छ । सिद्धबाबा निर्माण सेवा, स्याङ्जाले युनिट रेट सम्झौताअनुसार मर्मतको काम गरेको थियो । निर्माण कम्पनीले बुधबार साँझ ५ बजे सम्झौता बमोजिमको काम सम्पन्न गरेको



जनाएको छ । पुल सञ्चालनमा आएसँगै घिरिङबाट कालीगण्डकी करिडोर हुँदै नवलपुर, पाल्पा, स्याङ्जा, चितवन लगायतका स्थानमा आवतजावत सहज बनेको छ । स्थानीय बासिन्दा, यात्रु तथा मालसामान ढुवानीमा समेत राहत पुग्ने अपेक्षा गरिएको छ ।

करिब १२ वर्षअघि निर्माण गरिएको उक्त फलामे पुल गैडाकोट-पिपलडाँडा जोड्ने कालीगण्डकी करिडोरमा पर्छ । पोखरा, गैडाकोट र रामपुर क्षेत्रबीच आवतजावतका लागि महत्त्वपूर्ण मानिने यो पुलको पहुँच सडक बाढीले बगाएपछि दैनिक यात्रु तथा सवारीसाधन प्रभावित भएका थिए ।

घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले पुल सञ्चालनमा आएसँगै दसैँका बेला आवतजावत गर्ने नागरिकलाई राहत मिलेको बताए । पहुँच सडक छिटो निर्माण गर्न सम्बन्धित निकायमा पटकपटक दबाब दिँदै ध्यानाकर्षण गराएको उनले उल्लेख गरे ।

बाढीले क्षति पुऱ्याएका सडक तथा पुलको समयमै मर्मत नहुँदा स्थानीयको आवागमन, व्यापार र ढुवानी प्रभावित हुने गरेको छ । घिरिङ-डेढगाउँ जोड्ने पुल सञ्चालनमा आएसँगै यस क्षेत्रका बासिन्दाले भोग्दै आएको सास्ती केही हदसम्म हट्ने अपेक्षा गरिएको छ ।

तनहुँमा ४६ वन्यजन्तुको .....

सात लाख ३९ हजार ३७० रूपैयाँ राहत वितरण गरेको जनाएको छ।

कार्यालयका अनुसार बाँदर र भालुको आक्रमणबाट घाइते भएका व्यक्तिलाई राहतस्वरूप दुई लाख १८ हजार १०० रूपैयाँ उपलब्ध गराइएको छ। वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति पुगेका किसानलाई पाँच लाख सात हजार रूपैयाँ वितरण गरिएको छ ।

पशुधनतर्फ ५१ वटा बाख्रा, एउटा गोरू र एउटा पाँडोमा क्षति पुगेको कार्यालयको विवरणमा उल्लेख छ । त्यस्तै, बाँदरले मकैबालीमा क्षति पुऱ्याएपछि प्रभावित किसानलाई १४ हजार २५० रूपैयाँ राहत उपलब्ध गराइएको छ ।

संरक्षणसँगै मानव सुरक्षा चुनौती

वन्यजन्तुको उद्धार र राहत वितरणका तथ्याङ्कले तनहुँमा वन्यजन्तु संरक्षणसँगै मानव सुरक्षा र जीविकोपार्जनको संरक्षणलाई पनि उत्तिकै महत्त्व दिनुपर्ने देखाएको छ। वन्यजन्तु बस्तीमा पस्दा मानिसमाथि आक्रमणको जोखिम बढ्ने, पशुधन गुमाउनुपर्ने र कृषिबाली नष्ट हुँदा किसानले आर्थिक क्षति बेहोर्नुपर्ने अवस्था छ ।

वन्यजन्तुको प्राकृतिक वासस्थान संरक्षण, बस्तीमा प्रवेश गर्ने घटनाको प्रभावकारी व्यवस्थापन र प्रभावितलाई समयमै राहत उपलब्ध गराउनु मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका महत्त्वपूर्ण पक्ष हुन् । वन्यजन्तुको संरक्षण गर्दै स्थानीय बासिन्दाको सुरक्षा र आर्थिक क्षतिलाई कम गर्न सम्बन्धित निकाय तथा समुदायबीच समन्वय आवश्यक देखिएको छ । डिभिजन वन कार्यालय तनहुँले वन्यजन्तुको उद्धार तथा व्यवस्थापनसँगै क्षतिबाट प्रभावितलाई राहत उपलब्ध गराउँदै आएको जनाएको छ ।

बन्दीपुरमा पूर्वाधार विस्तारसंगै .....

सार्वजनिक क्षेत्रको व्यवस्थापन र स्थानीय बासिन्दाका लागि सुविधायुक्त वातावरण तयार गर्न पार्क निर्माणलाई पनि प्राथमिकता दिइएको छ । एक वर्षमा चारवटा पार्क थपिएका छन् भने गाउँपालिकाभर हालसम्म ४९ वटा पार्क निर्माण भएका छन् ।

शिक्षा, स्वास्थ्य र सार्वजनिक सुविधामा लगानी

भौतिक पूर्वाधारको विस्तारलाई नागरिकको आधारभूत सेवासँग जोड्दै गाउँपालिकाले विद्यालय तथा स्वास्थ्य संस्थाका भवन निर्माणमा पनि लगानी गरेको छ । स्थानीय तहमा जनप्रतिनिधि आएपछि हालसम्म छवटा विद्यालय भवन र सातवटा स्वास्थ्य चौकी निर्माण भएको गाउँपालिकाले जनाएको छ ।

स्थानीयको दैनिक आवागमन तथा सामाजिक गतिविधिलाई सहज बनाउन ७४ वटा सामुदायिक भवन र ५४ वटा प्रतीक्षालय निर्माण गरिएका छन्। पछिल्लो एक वर्षमा मात्रै चारवटा प्रतीक्षालय निर्माण भएको अध्यक्ष थापाले जानकारी दिए । घरबाट निस्कने फोहोर पानी तथा वर्षाको पानीको व्यवस्थापनका लागि हालसम्म ७८ किलोमिटर ढल निर्माण गरिएको छ ।

बढ्दो बस्ती र पर्यटकीय गतिविधिसँगै फोहोर व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्ने भएकाले गाउँपालिकाले एउटा डम्पिङ साइट र एउटा स्यानिटरी ल्यान्डफिल्ड निर्माण गरेको जनाएको छ। सामुदायिक वनसम्बन्धी चारवटा कामसमेत पछिल्लो एक वर्षमा सम्पन्न भएका छन् ।

अध्यक्ष थापाले उपलब्ध स्रोतसाधनलाई आवश्यकताका आधारमा परिचालन गर्दै सडक, पुल, सिँचाइ, शिक्षा, स्वास्थ्य र सार्वजनिक संरचनाको विकासलाई प्राथमिकता दिइएको बताए । उनका अनुसार पूर्वाधार विस्तारले नागरिकको दैनिक जीवन सहज बनाउनुका साथै स्थानीय आर्थिक गतिविधि बढाउन सहयोग पुऱ्याउनेछ ।

पर्यटकीय सम्भावना बोकेको बन्दीपुरमा सडक पहुँच, पार्क, प्रतीक्षालय र अन्य सार्वजनिक संरचनाको विकासले पर्यटकको आवागमन तथा बसाइलाई सहज बनाउने अपेक्षा गरिएको छ। यद्यपि, निर्माण भएका संरचनाको नियमित मर्मतसम्भार, गुणस्तर कायम र प्रभावकारी उपयोग सुनिश्चित गर्नु पनि गाउँपालिकाका लागि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।



नेपालीहरूको महान पर्व **विजयादशमी, नेपाल संवत, शुभ दीपावली तथा छठ**को पावन अवसरमा हाम्रा समस्ता शेयर सदस्य, बचतकर्ता तथा देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

श्री माता मनकामना बचत तथा ऋण सहकारी संस्था लि. परिवार

व्यास नगरपालिका-२, सफासडक, दमौली, तनहुँ







नेपालीहरूको महान पर्व **विजयादशमी, नेपाल संवत, शुभ दीपावली तथा छठ**को पावन अवसरमा हाम्रा विद्यार्थी, शिक्षक, अभिभावक तथा देश-विदेशमा र हनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

सूर्यचन्द्र हड्खले
अध्यक्ष

मीनबहादुर कार्की
प्रबन्ध निर्देशक

रामचन्द्र शर्मा
क्याम्पस प्रमुख

एवं

पराशर कलेज परिवार

व्यास नगरपालिका-४, दमौली, तनहुँ







शारदीय पर्वहरू विजयादशमी, दीपावली, छठ तथा नेपाल संवतले सम्पूर्ण नेपालीहरूमा सुख, समृद्धि, आरेग्यता ल्याओस् !
हाम्रो हार्दिक शुभकामना ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
बेलचौतरा, तनहुँ

धूम्रपान तथा सूर्तिजन्य पदार्थबाट टाढै बसी आफु बाँची र अरूलाई पनि बचाऔं

धुम्रपान भनेको के हो?

- धूम्रमान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँढी, तमाखु, ककडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो । धुम्रपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासयनिक तत्व पाइन्छ । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मिने, अवधि पूरा नभई बच्चा जन्मिने, मृत बच्चा जन्मिने आदि गराउँछ ।
- धूम्रपानको धुवाँले बर्षेनी धूम्रपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ ।
- नजिक बसेकै कारणले विश्वमा बर्षेनी ६ लाख मानिसको मृत्य हुने गरेको छ ।

धूम्रपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय

- साथीभाइको लहैलहैमा नपरौं । दीर्घकालिन असरको मनन गरौ, कुलतमा नफसौं ।
- धूम्रपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसंग सल्लाह गरौं ।
- सार्वजनिक स्थलमा धूम्रपान नगरौं ।
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूम्रपान नगरौं ।



विजय दशमी, शुभदिपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कार्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



दशैंका लागि खसीबोका खरिदबिक्री : दशै पर्वकालागि तनहुँको ग्रामीण क्षेत्रबाट दमौलीमा ल्याइएको खसीबोका बिक्रीका लागि नापचाँच गरिदै । जिल्लाको ग्रामीण क्षेत्रबाट खसीबोका सदरमुकाम दमौली सहित राजमार्गको बजार क्षेत्रमा ल्याइएको छ । गत वर्ष ५५० देखि ६०० रूपैयाँ प्रतिकिलो (जिउँदो)मा खरिद बिक्री भएकोमा यस वर्ष ६८० देखि ७०० रूपैयाँ प्रतिकिलोमा खसीबोका खरिद बिक्री भएको छ । तनहुँका धेरै जसो खसीबोका व्यापारीहरूले काठमाडौ/पोखरा पुऱ्याउदा दमौलीमा अभाव देखिएको व्यापारहरू बताउँछन् । *तस्विर : भञ्ज्याङ*

मुस्ताङबाट ३५ करोडका भेडाच्याङ्ग्रा बिक्री

१३ हजार ७१७ भेडाच्याङ्गा बाहिरिए, आपूर्ति घट्दा मूल्य बढ्यो

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

दसैँलाई लक्षित गरी मुस्ताङबाट १३ हजार ७१७ भेडाच्याङ्गा बिक्रीका लागि बाहिरिएका छन् । बिहीबारसम्म बिक्री भएका भेडाच्याङ्गाबाट ३५ करोड ५३ लाख ८८ हजार रूपैयाँ बराबरको कारोबार भएको छ ।

मुस्ताङका पाँचवटा स्थानीय तहका किसानले पालेका तथा कर्णाली प्रदेशका डोल्पा, मुगु र जुम्लालगायत जिल्लाबाट ल्याइएका भेडाच्याङ्गा बिक्री भएका हुन् । तिब्बतको कोरला नाका हुँदै आएका च्याङ्गासमेत मुस्ताङबाट बाहिरिएका छन् ।

कृषि तथा पशु विकास कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार यस वर्ष मुस्ताङका किसानले पालेका सात हजार ९६४ च्याङ्गा र एक हजार २०४ भेडा बिक्रीका लागि बाहिरिएका छन् । त्यस्तै, डोल्पाबाट तीन हजार ५५१, मुगुबाट २६० र जुम्लाबाट ३०० भेडाच्याङ्गा ल्याइएको थियो । तिब्बतबाट कोरला नाका हुँदै थप ४३८ च्याङ्गा मुस्ताङ आइपुगेका थिए ।

कार्यालय प्रमुख अर्यालले दसैँलाई लक्षित गरी ल्याइएका अधिकांश भेडाच्याङ्गा बजार पुगिसकेको बताउनुभयो । अब केही संख्यामा मात्र भेडाच्याङ्गा आउने र तिहारमा पनि बिक्री जारी रहने उनले जानकारी दिए।

मुस्ताङ र डोल्पामै उत्पादित भेडाच्याङ्गा बजारमा आउन थालेपछि चीनको तिब्बतबाट आउने संख्या घटेको छ । गत आर्थिक वर्ष २०८२/८३ मा १५ हजार ६०० भेडाच्याङ्गा बिक्री हुँदा ३६ करोड ५० लाख रूपैयाँ बराबरको कारोबार भएको थियो । यस वर्ष दसैँमा बाहिरिएका भेडाच्याङ्गाको संख्या गत वर्षको कुल बिक्रीभन्दा केही कम भए पनि तिहारमा थप कारोबार हुने अपेक्षा गरिएको छ।



किसानले गोठबाटै वा आफैं बजारसम्म पुऱ्याएर भेडाच्याङ्गा बिक्री गर्दै आएका छन् । जात, उमेर र तौलअनुसार प्रतिगोटा २८ हजारदेखि ५२ हजार रूपैयाँसम्म मूल्य पर्ने गरेको छ । यस वर्ष तिहारका बेला थप करिब दुई करोड रूपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको छ ।

मुस्ताङका लो-घेकर दामोदरकुण्ड, लोमान्थाङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भेडाच्याङ्गा उत्पादनका प्रमुख क्षेत्र हुन् । बिक्रीका लागि ल्याइएका पशुको स्वास्थ्य परीक्षण गर्न राखिएको गोठसमेत अहिले रित्तिँदै गएको छ । मुस्ताङका किसानसँगै म्याग्दी, कास्की र काठमाडौंलगायत जिल्लाका व्यापारीले यहाँबाट भेडाच्याङ्गा खरिद गरी विभिन्न बजारमा पुऱ्याउने गरेका छन् ।

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१, छोसेरका किसान आङयाल गुरुङले यस वर्ष एक करोड ५० लाख रूपैयाँभन्दा बढी मूल्यका भेडाच्याङ्गा बिक्री गरेको बताए । उनका अनुसार बाढीपहिरोले सडक प्रभावित हुँदा बजारसम्म पशु पुऱ्याउन कठिन भएको छ। अन्य व्यापारीका बथानसँग मिसाएर लैजानुपर्ने र चरन क्षेत्रमा वन्यजन्तुबाट जोगाउनुपर्ने चुनौतीसमेत रहेको उनले बताए ।

'भेडाच्याङ्गा पालेर त्यसको प्रतिफल लिन तीन वर्षसम्म कुर्नुपर्छ,' किसान गुरूङको भनाइ छ । सामान्यतया मासुका लागि एउटा भेडाच्याङ्गा तयार पार्न तीन वर्ष लाग्ने र रोज्जा च्याङ्गा तयार हुन करिब चार वर्ष कुर्नुपर्ने हुन्छ। यस अवधिमा चरन, खोप, गोठालो र अन्य व्यवस्थापनमा किसानले निरन्तर खर्च गर्नुपर्छ ।

प्रतिकूल मौसमका कारण गत वर्षको तुलनामा उपल्लो डोल्पाको छार्काताङसोङ गाउँपालिकाबाट करिब एक हजार ४५० भेडाच्याङ्गा कम आएको व्यापारी ज्ञानकुमार श्रेष्ठले बताए। काठमाडौंमा बिक्रीका लागि च्याङ्गा खरिद गर्न मुस्ताङ पुग्नुभएका श्रेष्ठका अनुसार आपूर्ति घटेकाले बजारमा मूल्य बढेको छ ।

समुद्री सतहदेखि करिब छ हजार मिटर उचाइसम्मको उच्च हिमाली क्षेत्रमा पाइने भेडाच्याङ्गा कठोर चिसो र कम अक्सिजन भएको वातावरणमा हुर्किन्छन् । लेकाली वनस्पति खाने हिमाली च्याङ्गाको मासु दसैँ-तिहारमा विशेष रोजाइमा पर्ने भएकाले यस समयमा यसको माग बढ्ने गरेको छ । लामो समयको पालन, कठिन भौगोलिक अवस्था र बढ्दो बजार मागका बीच भेडाच्याङ्गा व्यापार हिमाली क्षेत्रका पशुपालक किसानको आम्दानीको महत्त्वपूर्ण स्रोत बनेको छ ।

facebook twitter

Vijay Kumar Panday
x.com/Vijaykumarko

भनाई छ, उचाइबाट त्यसरी ओर्लनु पर्छ, जसरी पर्वतबाट झरना ओर्लन्छ । पहाडको शिखरबाट झर्दा पनि झरनाले आफ्नो गरिमा र सौन्दर्य गुमाउँदैन । कुर्सी छोड्दैमा मानिस सानो हुँदैन। बरू कहिलेकाहीँ कुर्सीमै टाँसिइरहँदा आफ्नो उचाइ घटेको पत्तै हुँदैन । झर्न त एकदिन हामी सबैले, झर्नै पर्छ । त्यो हाम्रो हातमा छैन । तर कसरी ओलर्ने भन्दा कुरा हाम्रै हातमा छ ?
कांग्रेसमा, बेला छदै न सक्षम उत्तराधिकारी तयार गर्ने, न आफ्नो समूहबाट कसैलाई राम्ररी उठन दिने हो भने त्यसको स्वभाविक परिणाम गगन थापाको उदय हुने नै थियो । अब त्यसलाई शेरबहादुर दाईले, उदारता र खुसीका साथ स्थानिय निर्वाचन अधि नै स्वीकार गरेको खण्डमा, कांग्रेसको घाउमा गहिरो खत बस्ने छैन। मतभेद मनभेदमा परिणत हुने छैन ।
अन्याय त गगन थापासँग पनि भएको छ। भाद्र २४ मा घर त उनको पनि जलेको थियो । बेलैमा नभागेको भए, त्यस दिन गगनजीको परिवार पनि कुटपिटमा पर्न सक्थ्यो, घरभित्रै जल्न सक्थ्यो। त्यतिमात्र होइन, राजनीतिक रूपमा पनि अब गगन थापाले धेरै किसिमका उतारचढाव भोगी सके । मलाई लाग्छ, अब गगन कुमार थापा नेपाली कांग्रेसको सभापति पदका लागी रेडीमेड छन्। सुहाउदा छन .....

Bishnu Rijal
x.com/bishnurijal1

'खुल्ला आवेदन आह्वान गरेको', 'पहिलो पटक योग्यलाई बनाउन लागेको' जस्ता सस्ता प्रचारबाजी गराउँदै सरकारले कस्ता व्यक्तिलाई राजदूतमा सिफारिश गरेको रहेछ? जसलाई स्वयं सत्तारूढ पार्टीकै सांसदहरूले संसदीय सुनुवाइ समितिमा स्वीकार गर्न सकेनन् । दुई जना अस्वीकृत भएका छन् अर्का एकजना अस्वीकार गर्नेपर्नेलाई संसद्का मुख्य पदाधिकारीको दवावमा 'होल्ड'मा राखिएको छ। यसअघि एकपटक सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा दीपकराज जोशीको नाम अस्वीकृत गरेर औचित्य देखाएको संसदीय समितिले यसपटक दुई जना बद्नाम, अयोग्य र अनैतिक व्यक्तिलाई अस्वीकृत गरेर राम्रो काम गरेको छ । साथै प्रश्न उठ्छ- त्यस्ता व्यक्तिहरूलाई कुन योग्यता छनोटका आधारमा पररराष्ट्र मन्त्रालयलयले ४ हजारमध्येबाट छानेर मन्त्रिपरिषद्मा प्रस्ताव गरेको रहेछ ? अनि मन्त्रिपरिषद्ले कुन 'बायोडाटा' हेरेर निर्णय गरेको रहेछ ?
देशभित्र त खरानीको थुप्रो लगाएकै थिए, साथीहरूले विदेशमा पनि देशको छविलाई खरानी नै बनाउने भए ।

ओलीको गुनासो- समृद्ध नेपाल .....

निर्माण गर्ने क्रममा सामाजिक क्षेत्रमा विभिन्न काम गरेका थियौं। सडक बालबालिकालाई उद्धार गरी उचित व्यवस्थापन गर्ने, असहाय र बेसहारा सडक मानवको संरक्षण गर्ने तथा सडकमा भिक्षा माग्नुपर्ने अवस्थाको अन्त्य गर्ने प्रयास गऱ्यौं,' उनले भने ।

सरकारको जिम्मेवारी हिसाबकिताब र जवाफदेहितामा मात्र सीमित नहुने उल्लेख गर्दै ओलीले नागरिकप्रति सरकार संवेदनशील हुनुपर्ने बताए । 'जसरी आमाले आफ्ना सन्तानको हेरचाह माया र आत्मीयताका साथ गर्छिन्, त्यसरी नै सरकारले पनि आफ्ना नागरिकप्रति जिम्मेवार भएर काम गर्नुपर्छ,' उनले भने ।

आफ्नो कार्यकालमा भएका विकास निर्माण तथा सामाजिक कामको आलोचनाबारे टिप्पणी गर्दै ओलीले नागढुंगा क्षेत्रमा राखिएको साइनबोर्डको विवादलाई सामान्य प्राविधिक विषयका रूपमा व्याख्या गरे । यस्ता विवादले सरकारले गरेका सामाजिक कामको महत्त्व र तिनको इतिहास मेटाउन नसक्ने उनको भनाइ थियो ।

'हामीले गरेका सामाजिक कार्यहरूको महत्त्व कुनै साइनबोर्ड हटाउँदैमा समाप्त हुँदैन। ती कामले समाजमा पारेको प्रभाव र तिनको इतिहासलाई मेटाउन सकिँदैन,' ओलीले भने ।

उनले 'सुखी नेपाली' बनाउने लक्ष्य हासिल गर्न पहिले नागरिकका दुःख, गरिबी र अभाव हटाउनुपर्नेमा जोड दिए । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने वातावरण निर्माण गर्नु नै समृद्धिको यात्राको सुरूआती सर्त भएको उनको भनाइ थियो ।

'सुखी नेपाली बनाउने हो भने पहिले जनताका दुःख निवारण गर्नुपर्छ । गरिबी, अभाव र असहाय अवस्थाको अन्त्य गर्दै नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने वातावरण बनाउनुपर्छ,' उनले भने, 'पहिले दुःख निवारण, त्यसपछि सुख प्राप्ति, यही सोचका साथ हामीले सामाजिक न्याय र समृद्धिको बाटो अघि बढाएका थियौं ।'

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४